आज मिति २०८२।०७।२३ गते यस आठबीस नगरपालिकाका नगर प्रमुख श्री तर्क बहादुर बडुवाल ज्यूको अध्यक्षतामा तथा देहायका पदाधिकारीज्युहरुको उपस्थितिमा आठबीस नगरपालिकाको नगर कार्यपालिकाको १२३ औं वैठक बसी देहायका निर्णयहरु गरियो ।

| क स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तर्क बहादुर बडुवाल | नगर प्रमुख | |
| २ | कल्पना कुमारी थापा चन्द | नगर उप प्रमुख | |
| ३ | बम बहादुर रावत | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | कलम कामी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | नगेन्द्र राज कार्की | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | टेक बहादुर माझी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | बजर सिंह वि क | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | नवराज शर्मा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | जैसिङ्ग कठायत | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | अदल शाही | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | शेर बहादुर सिजापति | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | विरेन्द्र बहादुर सावद माझी | कार्यपालिका सदस्य | |
| १३ | हरिकला माझी | कार्यपालिका सदस्य | |
| १४ | हजुरा भण्डारी | कार्यपालिका सदस्य | |
| १५ | विर बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १६ | सेतु नेपाली | कार्यपालिका सदस्य | |
| १७ | तारा विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | विमला वि क | कार्यपालिका सदस्य | |
| १९ | दयाराम वि क | कार्यपालिका सदस्य | |
| २० | बिनोद कुमार माझी | सचिव | |
| २२ | | | |
| | | | |
| | | | |
| | | | |


आठबीस नगर कार्यपालिकाको मिति २०८२ कार्तिक २३ गते बसेको १२३ औं बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरुः

१. राजस्व परामर्श समितिको निर्णय अनुमोदन सम्बन्धमा।
२. "आठबीस नगरपालिका छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन सम्वन्धी कार्यविधि, २०८२" सम्बन्धमा।
३. आधारभूत अस्पताल राकमकर्णाली दैलेखमा सेवा करार गरी डाक्टर नियूक्ति गर्ने सम्बन्धमा।
४. नगर शिक्षा समितिका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।
५. पुराना घरहरुको अभिलेखिकरण सम्बन्धमा।
६. तलबी प्रतिवेदन स्वीकृत सम्बन्धमा।
७. योजना संसोधन सम्बन्धमा।
८. अनुमति सम्वन्धमा।
९. आर्थिक सहायता वापतको रकम अनुमोदन सम्बन्धमा।

निर्णयहरु

१. यस आठबीस नगरपालिकांको राजस्व परामर्श समितिको मिति २०८२।०६।३१ गतेको निर्णय अनुमोदन गर्ने। साथै नगरपालिकाबाट आम्दानी रसिद दिई खटाइएका व्यक्तिहरुलाई दाखिला रकम बापतको रकम १५ प्रतिशत रकम उपलब्ध गराउने।
२. बैठकमा प्रस्तुत भएको "आठबीस नगरपालिका छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन सम्बन्धी कार्यविधि-२०८२" स्वीकृत गर्ने।
३. आठबीस नगरपालिका "छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन सम्बन्धी कार्यविधि, २०८२" बमोजिमको सेवा सुविधा उपलब्ध गराइ आठबीस नगरपालिका वडा नं. ९ स्थायी ठेगाना भएका मेडिकल अधिकृत श्री राज कुमार सिजापतिलाई सेवा करार गरी कामकाजमा खटाउने।
४. आठबीस नगरपालिका नगर शिक्षा समितिबाट मिति २०८२/०६/२७ मा भएका निर्णयहरु अनुमोदन गर्ने।
५. यस आठबीस नगरपालिकाका भित्र यस अघि निर्माण सम्पन्न भएका पक्की घरहरुको अभिलेखिकरणको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो।



CamScanner

६. आठबीस नगरपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत स्थायी कर्मचारी चालु आर्थिक वर्ष २०८२/०८३ को तलबी प्रतिवेदन स्वीकृत गर्ने।

७. कर्णाली प्रदेश सरकारबाट चालु आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिका वडा नं. ५ स्थित संचालनमा रहेको नैनलदेव प्रा.वि. पक्की भवन निर्माण योजनाको लागि बजेट विनियोजन भएकोमा विद्यालयमा भवन निर्माणको लागि आवश्यक फिल्ड नभएकोले नैनलदेव पक्की भवन निर्माण योजनालाई संसोधन गरी नैनलदेव प्रा.वि फिल्ड निर्माण तथा घेरावार योजना कायम गरिदिनको लागि श्री सामाजिक विकास मन्त्रालय सुर्खेतलाई अनुरोध गर्ने।

८. आठबीस नगरपालिका भित्र कामकाज गर्न इच्छुक संघ संस्थाहरुलाई प्रस्तावना कार्यप्रकृती अनुसार कार्यक्रम संचालनको लागि अनुमति दिने।

९. यस आठबीस नगरपालिकाको कार्यालयबाट नगरपालिका भित्रका गरिव तथा विपन्न व्यक्तिहरुलाई भुक्तानी गरिएको आर्थिक सहायत वापतको उपलब्ध गराइएको खर्च रकम अनुमोदन गर्ने।